# संघीय संसद
# राष्ट्रिय सभा
# बाह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २३ असार २०७९
# बिहीवार
# बैठक सङ्ख्या- ३३

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:०० बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नको लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु । माननीय उदय बहादुर बोहरा ।

**माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)ः**- सम्माननीय अध्यक्ष महोदय, गए राती करिब साँझको ८ बजेटतिर सल्यान जिल्ला छत्रेश्वरी गाउँपालिकाको वडा नं. ६ लान्ती बजारमा स्थानीय व्यापारी तथा समाजसेवी विद्याभुषण डाँगीको घरमा विजुली सट हुन गई आगलागीले घर र पसल क्षति भएको छ । र म उहाँलाई क्षतीपूर्तिको लागि अध्यक्ष महोदयमार्फत म सरकार तथा सम्बन्धित निकायको ध्यानाकर्षक गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय दुर्गा गुरुङ ।

**<u>माननीय श्री दुर्गा गुरुङ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, कर्णाली प्रदेशको राजधानी रहेको विरेन्द्रनगर नगरपालिका १६ ओटा वडाहरूमा पनि पक्की सडक बन्न सकिरहेको छैन । सुर्खेतमा बत्ती जाने समस्या मिनेट मिनेटमा वर्षौंसम्म पनि समाधान हुन सकेको छैन । खानेपानीको समस्या पनि दिनदिनै बढ्दै गएको छ । ठुलो खालको समस्याहरू संघीय र प्रदेशस्तरीय रूपमा समाधान गर्न कार्यान्वयन र अनुगमन गरी आर्थिक वर्ष २०७९/८० को सुरूवातमै बाटो विद्युत् र पानीको समस्या समाधानका लागि तत्काल ध्यान केन्द्रित गर्न चाहन्छु । साथै कृषि उत्पादनका लागि प्रयोग गरिने मल वितरणमा पनि कर्णालीलाई पहिलो प्राथमिकतामा राख्नका लागि पनि ध्यान केन्द्रित गर्न चाहन्छु । कर्णालीका बालबालिकाहरूले पाठ्यपुस्तक अझै पूर्ण रूपमा पाइनसकेको छ । त्यो समस्या तत्काल समाधान गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । हस् त धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय महोमम्द खालिद ।

**<u>माननीय श्री महोमम्द खालिद (जनता समाजवादी पार्टी नेपाल)</u>**:- सम्माननीय अध्यक्षज्यू, रसायनिक मलको अभाव हामी हेरिरहेका छौं, भोगिरहेका पनि छौं । राज्यले प्राङ्गारिक मलको लागि केही पहल गर्याथ्यो र प्रदेशहरूलाई पनि केही अधिकार प्रत्यायोजित गरेको थियो । तर त्यसको अहिलेसम्म कुनै व्यवहारिक रूपमा अहिलेसम्म हेर्‍या छैन । त्यसले गर्दाखेरि केन्द्र सरकारले पनि संघीय सरकारले पनि यो कुरालाई अलि फास्ट ट्याकमा हेर्यो भने किसानहरूको लागि उत्तम र राम्रो देखिन्छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म अब माननीय सदस्यहरूलाई बोल्न समय

उपलब्ध गराउँछु । माननीय नारायण दत्त मिश्र समय ७ मिनेट । यसपछि माननीय खिमलाल भट्टराई ।

**माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, जयपृथ्वी नगरपालिकाका मेयर चेतराज बजालले पठाउनुभएको गुनासो । बझाङ नदी नियन्त्रण कार्यालय दार्चुलामा महाकालिको छेउमा राखेर १ लाखको सम्झौता गर्न पनि दार्चुला पुग्नुपर्दछ । सडक डिभिजन कार्यालय, बैतडीको पाटनमा पुग्नुपर्दछ । खानेपानीको कार्यालय, पुग्न डडेल्धुरा धाउनुपर्दछ । भुक्षय संरक्षण कार्यालय डोटीमा धाउनुपर्छ । योजना माग्न, भुक्तानी माग्न, सम्झौता गर्न, किस्ता किस्तामा पटक पटक धाउन दुःख छ । सेती नदीले दुई चिरामा बाँडेको जिल्ला सयौं खोलानालामा पूर्ण तटबन्धको जिल्ला बासीलाई दुःख छ । यो हो बझाङ्डी जनताको दुःख ।

राम सिंह रावल नेपाली काँग्रेसका सभापति बाजुरा पूर्वमेयरसमेत हुनुहुन्छ । उहाँ भन्नुहुन्छ साँफेबगर मार्तडी सडक सधैं बाढी पहिरो जोखिममा छ । ठाउँ ठाउँमा डोजरको व्यवस्था भयो भने सडक सुचारू गराउन सकिन्थ्यो कि ? बुढीगङ्गा, पवित्र ङ्गंगा बाजुरामा ह्वाङहो नदी, चीनको दुःख, नाईट नदी युरोपको दुःख भने जस्तो बाजुरामा हामीलाई बुढीगङ्गाबाट दुःख छ । यस वर्ष पनि त्रिवेणी नगरपालिकाको वडा नं. ८ र ९ को मौरेदेखि द्वारीसम्म कटान गरी जग्गा त बग्यो बग्यो बस्ती बचाउनुपर्‍यो सरकार भनेर अनुरोध गर्नुभा' छ । त्यस्तै कोल्टीदेखि माथि कोल्टी, कालिकोट, हुम्ला र मुगुमा साउन लाग्यो । साउन लागेपछि भोकमरी सुरु हुन्छ । समयमै खाद्यान्नको व्यवस्था होस् भन्नुहुन्छ । खप्तड र मालिकालाई जोडेल अहिले पर्यटकहरू ओइरो लागिरहेको छ त्यस ठाउँमा, त्यसमा पर्यटनलाई व्यवस्थित गर्न सरकारले व्यवस्थापन गरोस् भन्नुहुन्छ ।

अछामबाट विनायक नगरपालिकाको मेयर अम्बिका चलाउने र अछामका नेपाली काँग्रेसका सभापति पुष्प साह भन्नुहुन्छ । जेठ १६ र १७ गते चुनाव सकिएपछि काँग्रेसीहरूलाई खोजी खोजी लखेटी लखेटी पिटियो । त्यसपछि अछाम पञ्चदेवल विनायकमा विनोद साही मृत्य प्रकरण छानबिन हुनुपर्छ । असली दोषी पत्ता लाग्नुपर्छ भन्नेमा सबै सहमत छौं । तर दोषीको नाममा काँग्रेसहरूलाई खोजी खोजी किटानी जाहेरी गरिएको त्यसमा पनि अम्बिका चलाउने मेयर जो त्योबेला धनगढीमा उपस्थित थिइन् । उनको नाममा पनि किटानी जाहेरी राखिएको । अब म अदालतको सम्मान गर्छु । अब अदालतमा केस केही मान्छेको नाममा अदालतमा पुगेको छ । त्यसको निर्णय अदालतले गर्ने छ । र सडकबाटै निर्णय गर्न खोज्नु दुःखको कुरा छ भनेर भन्नुहुन्छ ।

म अगाडि बढ्छु । विपद् व्यवस्थापनको सम्बन्धमा-अब विपद् व्यवस्थापन सेनाले गठन गर्नुपर्छ । सेनाबाट २५ प्रतिशत, सशस्त्रबाट १५ प्रतिशत र जनपथ प्रहरीबाट १० प्रतिशत मानिसहरू राखेर एउटा विपद् व्यवस्थापनको सेना बनायो भने वनमा हुने आगलागी, घरघरमा हुने आगलागी, गाउँमा हुने आगलागी, शहरमा हुने आगलागी, बाढी पहिरो र डुवान विभिन्न किसिमका महामारीहरूलाई एउटा अलग इकाइको व्यवस्था हुन आवश्यक छ । जबसम्म कानुनी व्यवस्था मिलाएर अगल इकाइ बनाउन सकिँदैन, अलग सेना बनाउन सकिँदैन तबसम्म जनपथ प्रहरी, सशस्त्र प्रहरी र सेनाका सबै किसिमका समस्याभित्र यसका प्रबन्ध र आपसी कोअर्डिनेसन यसको प्रबन्ध होस् भनेर भन्दछु ।

मन्त्रीज्यू हुनुहुन्छ कृषि मन्त्रीज्यू, मन्त्री बदलिएका छन् । मल ल्याउने प्रतिवद्धता मन्त्रीज्यूले जनाउनुभएको छ । अहिले गाईगोरु छाडा छन्, गोरुको ठाउँमा हाते ट्याक्टरको प्रयोग बढेको छ । दुध, दुध छुटेपछि गाईलाई घरबाट निकालिन्छ । प्राङ्गारिक मलको उत्पादन घटेको छ । पहाड, तराईमा सबै ठाउँ रसायनिक मलमा निर्भर छन् । खाद्यान्नको उत्पादन नबढेसम्म देशले डलर तिरेर मगाउने खाद्यान्न आयत गर्नुपरेको छ ।

कृषि अनुदान-कर्मचारी, समाजसेवी र पार्टीका कार्यकर्ताको नाममा दलालको खल्तीमा ज्यादा किसानको घरघरमा किसानको खेत खेतमा कम पुगेको छ । मन्त्रीज्यू यसमा विचार गरियोस् । मल कारखाना खोल्न कसले रोकेको छ ? फेरि म पनि भन्छु म फेरि अर्काको भरोसामा खेती उभो लाग्न गाह्रो छ । सातआठ वर्ष पुरानो समुन्द्रमा फाल्ने तयारीमा रहेको खाद्यान्न हामी किनेर खान बाध्य छौं । तसर्थ मोटो चामल खाऊँ, कोदो खाऊँ, जौं खाऊँ, फापर खाऊँ, मकै खाऊँ, गहुँ खाऊँ सो दिनै स्वदेशमै प्रयोग गरौं । आयतलाई घटाऊँ ।

कति पो समय भो अर्को एउटा कुरा भनौं कि ? हाम्रो अर्थमन्त्रीज्यूले राजीनामै दिनुभो' । यस्तो समितिहरू योभन्दा अगाडि पनि कतिपय अर्थ मन्त्रीहरू पनि थिए । उनीहरूको पालामा पनि समितिहरू गठन भएका थिए । तर अर्थमन्त्रीले राजीनामा दिएका थिएनन् । अर्थमन्त्रीले अहिले राजीनामा दिएर राम्रो काम गरेका छन् । छानबिनहोस् । छानविनअनुसार कारबाही अगाडि बढोस् । योभन्दा अगाडि पनि चकलेट कान्डदेखि लिएर विभिन्न कान्डहरू नभएका होइनन् । त्यतिखेरि, हुनत यो माओवादीका साथीहरूले बोल्नुपर्ने कुरा हो क्यारे म आफै उद्दत भएर बोलिरहेको छु । हुन्छ त । अध्यक्ष महोदय, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय खिमलाल भट्टराई । समय १७ मिनेट । यसपछि माननीय उर्मिला अर्याल ।

**माननीय श्री खिमलाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय, आज अहिले भर्खरै यो नवगठित, पुनर्गठित मन्त्री परिषद्मा हाम्रो राष्ट्रिय सभाबाट राष्ट्रिय सभा माननीय सदस्य माननीय मृगेन्द्र कुमार सिंहज्यू, कृषि तथा पशुपन्छी मन्त्री बन्नुभएको छ । म सर्वप्रथम उहाँलाई हार्दिक बधाई दिन चाहन्छु । यसै गरी अरू पनि पुनर्गठित मन्त्री परिषद्मा मन्त्री बन्नुभएका सबै माननीय मन्त्रीज्यूहरूलाई म यो रोस्ट्रमबाट हार्दिक बधाई भन्न चाहन्छु । र उहाँहरूलाई शुभकामना पनि दिन चाहन्छु ।

र आज ढिलै भए पनि अर्थ मन्त्रीज्यूको बारेमा, अर्थ मन्त्रालयको बारेमा, मन्त्री परिषद्को बारेमा हामीले जुन हिसाबले यो सदनमा कुरा उठाएका थियौं । त्यो संघीय संसदमा, प्रतिनिधि सभामा, राष्ट्रिय सभामा जुन गम्भीरताको साथमा हामीले विषयबस्तुलाई उठायौं । करिब त्यो विषयबस्तुको सन्दर्भमा एउटा टुङ्गो लाग्ने दिसातर्फ चाहिँ अब जाँदैछ भन्ने चाहिँ हिजोबाट त्यो परिदृष्य हामीले देख्यौं । घटना त्यस हिसाबले अगाडि बढेको छ छानबिन समिति बनेको छ र मन्त्रीज्यूले पनि राजीनामा दिनुभएको छ । यो एउटा सकारात्मक कदम हो भन्ने मलाई लाग्छ । हामीले विधिलाई स्थापित गर्नको लागि, नीतिलाई स्थापित गर्नको लागि एउटा मूल्यलाई र नैतिक राजनीतिकलाई अगाडि बढाउनको लागि यसरी धेरै मेहनत नगर्नु पर्ने हो । वास्तवमा चाहिँ गर्नु नपर्ने एउटा परिस्थिति हामीले बनाउनुपर्ने हो । तर पनि हाम्रो देशको राजनीतिलाई हामीले ठिक ढङ्गले अझै पनि अगाडि बढान सकिराखेका छैनौं । हाम्रा संसदीय मूल्यहरू, हाम्रो राजनीतिको मूल्य मान्यताहरू, परम्पराहरूलाई हामीले ठिक ढङ्गले अगाडि बढाउन सकिराखेका छैनौं । यसमा मुख्य दायित्व सरकारपक्षको हुन्छ तर पनि सिङ्गो संसदको हिसाबले भन्दाखेरि पनि सिधै अपराधहरूमा सिधै एउटा गलत परम्परा, गलत व्यवहारहरूमा हामीले चाहिँ यसमा आनाकानी नगरिकन प्रश्न उठिसकेपछि त्यस्तो एउटा उच्च नैतिक व्यवहार प्रकट गर्न सक्नुपर्ने हो । तर त्यस्तो भइराखेको छैन । एउटा आन्दोलन नै गर्नुपर्ने, अभियान नै चलाउनुपर्ने, एउटा सही कुरालाई स्थापित गर्न धेरै कुराको मेहनत गर्नुपर्ने यो एउटा परिस्थिति छ । यो चाहिँ हामी सबैले एउटा मनन गर्नुपर्ने र एउटा सही संस्कृतिलाई स्थापित गर्नको लागि हामी सबैले चाहिँ एउटा उच्च सास्कृतिक व्यवहार प्रदर्शन गर्नुपर्ने ठाउँमा हामी छौं । योपटक पनि त्यस्तै भयो ।

अर्थ मन्त्रीज्यूले त्यो अपराध भएकै थियो नत्र त्यो फुटेज डिलिट गर्नुपर्ने कुनै कारण थिएन । त्यसको एउटा बैधानिक व्यवस्थाअनुसार कम्तीमा पनि १ महिना रहनुपर्ने त्यो एउटा बैधानिक व्यवस्था हो । त्यो फुटेज तुरुन्तै हटाउनुपर्ने, हटाउन पाइने नै होइन । तर पनि हटाइयो । हटाउनुको पछाडिको कारण त्यहाँ केही कमजोरी भए कै थियो । गल्ती भएकै थियो । त्यसकाणले हटाइयो । अनि त्यस्तो परिस्थितिमा प्रश्न उठिसकेपछि संसदमा गम्भीरतापूर्वक प्रश्न उठिसकेपछि । नागरिक सामाजले प्रश्न उठाइसकेपछि सत्ताप्रति भित्रैबाट पनि प्रश्न उठिसकेपछि, प्रश्न उठेकै हो । उठिसकेपछि राजीनामा दिने कुरा, छानबिन गर्ने कुरा र एउटा सही कुरालाई स्थापित गर्नपट्टि चाहिँ लाग्नुपर्ने हो । तर यसको लागि पनि अभियान नै चलाउनुपर्ने । संघर्ष नै गर्नुपर्ने संसदभित्र संसदबाहिर त्यस हिसाबले लाग्नुपर्ने एउटा परिस्थिति चाहिँ बन्यो । यो चाहिँ एउटा दुःखद हो भन्ने मलाई लाग्छ र आगामी दिनमा एउटा सही ढङ्गले अगाडि बढाउँ । सही एउटा मान्यतालाई स्थापित गर्ने गरी अगाडि बढौं भनेर म चाहिँ अनुरोध गर्न चाहन्छु ।

अर्को कुरा आज चाहिँ यो सत्तापक्षसँग यति नै बेला चाहिँ हामीले कस्ता कस्ता व्यवहारहरू प्रकट भए यो हेर्नुहोस सत्तापक्ष र विपक्षको हिसाबले यो सत्तापक्ष चाहिँ जोडजाम गरेर अलिकति दाइनेतिर मात्र बसेको हो । विपक्ष चाहिँ देख्नै नसकिने, देखिनै नसकिने त्यस्तो खालको विपक्ष हो र ? राष्ट्र सभामा भन्नुस् प्रतिनिधि सभामा भन्नुस् । आज सबैभन्दा ठुलो दलको रूपमा राष्ट्र सभामा पनि नेकपा एमाले छ । प्रतिनिधि सभामा पनि नेकपा एमाले छ । तर चाहिँ असाध्यै होच्याउने गरी कहाँ छ ? प्रतिपक्ष कहाँ छ ? प्रतिपक्षलाई किन सोध्नु पऱ्यो ? प्रतिपक्षले भनेको किन मान्नुपर्यो ? सूचनाको हकको सन्दर्भमा पनि यस्ता खालका प्रश्नहरू आए । यस्तो खालको एउटा दम्भ, यस्तो खालको घमन्ड प्रकट भयो । यो चाहिँ मलाई लाग्छ । यो असाध्यै एउटा गैरजिम्मेवार अभिव्यक्ति, गैरजिम्मेवार व्यवहार, यो दम्भ, यो घमन्ड हो भन्ने मलाई लाग्छ । र यस्तो चाहिँ अलिकति केही मान्छे जोडजाम भएर दाइनेतिर बस्नथालियो भन्दैमा यस्तो व्यवहार प्रकट गर्नुपर्छ, यस्तो बोली बचन प्रकट गर्नुपर्छ भन्ने चाहिँ मलाई लाग्दैन । यो पनि एउटा दुःखद पक्ष हो यस हिसाबले हामीले हाम्रो राजनीतिलाई सोही ढङ्गले अगाडि बढाउन सकिँदैन । त्यसकारणले यसमा पनि सुध्रिनुपर्छ भन्ने म ठान्दछु ।

अर्को कुरा आजको हिसाबले हेर्ने हो भने सत्तापक्ष सम्पूर्ण हिसाबले यो असफल छ । यो सरकार सम्पूर्ण रूपमा चाहिँ असफल भइराखेको छ । म प्रतिपक्षको हिसाबले मैले यो भनिरा' छैन । सूचकहरूलाई हेर्नुभयो भने, हरेक क्षेत्रलाई हामी हेरौं । कुनै गौरव गर्न लाएक छ ? वास्तवमा एउटा व्यवस्थाको हिसाबले भन्ने हो भने व्यवस्थाको हिसाबले त सत्तापक्ष र प्रतिपक्ष नै छैन नि । यो व्यवस्था जुन हामीले चाहिँ ठुलो सङ्घर्ष गरेर

लेरआका छौं । यो व्यवस्थाको हिसाबले भन्ने हो भने जति सत्तापक्ष जिम्मेवार छ त्यति सके त्योभन्दा बढी नै होला यो प्रतिपक्ष पनि त्यति नै जिम्मेवार हुन्छ, र छ । तर आज चाहिँ जुन एउटा अवस्था छ नि देशको त्यो हिसाबले हेर्ने हो भन्देखि चाहिँ सत्तापक्ष कुनै सूचकमा यो सफल छैन । आर्थिक सूचक हेर्ने हो भने दुइटा मात्रै हेरौं न हामीले यो वैदेशिक मुद्राको सञ्चितिको हालत हेर्ने हो भन्देखि अब देश यो मैले भनेको होइन अर्थशास्त्रीहरूले भन्दै छन् । यो चाहिँ श्रीलङ्काउन्मुख भइरा' छ देशको अर्थतन्त्र यो एउटा सङ्कटमात्र हैन महासङ्कटतर्फ जाँदै छ । असफलतातर्फ जाँदै छ । त्यस्तो हालत चाहिँ देशको अर्थतन्त्र छ । हिजो आजभन्दा १ वर्ष अगाडि १४ खरब वैदेशिक मुद्रा सञ्चिति भएको ठाउँमा आज चाहिँ ९ खरब मात्रै छ । ६ महिना पनि धान्दैन भनेर अर्थशास्त्रीहरूले भन्दै छन् । यो धेरै गम्भीर अवस्था हो । श्रीलङ्कातर्फ जाँदै छ । असफलतातर्फ जाँदैछ भनेर भनिँदैछ । भनिसकेपछि ।

अर्को कुरा पुँजिगत खर्चको हालत हेर्ने हो भन्देखि चाहिँ हिजो मात्रै यो प्रधानमन्त्री अफिसको जिम्मा लिनुभएका मन्त्रीले उहाँले भन्दै हुनुहुन्थ्यो जम्माजम्मी ४५ प्रतिशतमात्रै पुँजिगत खर्च भा' छ । यो राष्ट्रिय गौरवका आयोजनाहरू, अरू विकासका कुरा छोड्दिनुस् । राष्ट्रिय गौरवका आयोजनाहरूको अवस्था पनि शून्य छ । काम अगाडि बढेकै छैन । काम भएकै छैन भनेर भन्दै हुनुहुनथ्यो । सार्वजनिक रूपमै उहाँले भन्दै हुनुहुनथ्यो समितिको बैठक भए पनि भनेदेखि विकास निर्माण ठप्प छ । पूँजिगत खर्च आजै यति बेला असारको २३ गते पुँजिगत खर्च कम्तीमा पनि ८० प्रतिशत हुनुपर्ने हो । ८० प्रतिशत अगाडि बढ्नुपर्ने हो । आज जम्मा ४५ प्रतिशत छ भनेर PM office ले भन्दै छ भनिसकेपछि योभन्दा दुर्भाग्यपूर्ण स्थिति केही हुन्छ ? पैसा खर्चै गर्न सकिरहेको छैन सरकारले विकास निर्माणको कामलाई अगाडि बढाउन सकेकै छैन । यस हिसाबले पनि यो असफलतातिर छ ।

युवाहरू हिजो रिटनी नेपाल बनाएर अब देश फर्किने र उत्पादनमा लाग्ने भनेर युवाहरू देश फर्किंदै थिएँ । कोरोनापछि र सरकारले जुन योजनालाई अगाडि सारिराथ्यो । उत्पादनमा युवाहरूलाई जोड्ने, रोगजारी सृजना गर्ने काममा चाहिँ जसरी हिजोको सरकार अगाडि बढ्दै थियो । त्यसले एउटा आशा पलाएको थियो । युवाहरूमा, जनताहरूमा पनि त्यसले गर्दाखेरि विदेश गएका युवाहरू स्वादेश फर्किने, पुँजी र प्रविधिकको प्रयोग गरेर उनीहरूले देशमै रोजगारी सृजना गर्ने, देशमै आफू बस्ने स्थिति चाहिँ एउटा बन्दै थियो । एउटा आकर्षणको स्थिति बन्दै थियो । तर आज हजारौं युवाहरू आज चाहिँ एयरपोंट गएर हेर्नुभयो भने हजारौं युवाहरू विदेशतिर पलायन हुँदै छन् ।

पढ्नको लागि त्यतिकै विद्यार्थीहरू चाहिँ विदेश पलायन हुँदै छन् । देशमा राम्रो शिक्षाको हामीले एउटा वातावरण नि बनाउन सकेनौं । सरकारले राम्रो वातावरण बनाउन सकेन । हामीले राम्रो वातावरण बनाउन सकेनौं तपाईं हामीले जसको कारणले हजारौं, लाखौ युवाहरू चाहिँ आज विदेशिँदैछन् । अरबौं पैसा विदेशिँदै छ । पढ्नको लागि रोजगारीको कुरा छोड्दिनुहोस् । पढ्नको लागि चाहिँ विदेशिने स्थिति बनिरा' छ । यसतर्फ सरकारको कुनै चासो छैन् । सरकारले कुनै योजना बनाउन सकिरहेको छैन् । र यो चाहिँ एउटा असफल बनिराखेको स्थिति देखिराखेको छ । असारे विकास त्यस्तै यसभन्दा अगाडि पनि हुन्थ्यो ।

यो असारमा चाहिँ विकासको बाढी चढ्ने यसले कुनै दिगो विकास हुन्छ ? यो दिगो विकासको कुरा हो ? जबरजस्ती पुँजीगत खर्च गर्नको लागि असारे विकास । यो चाहिँ हाम्रो विकासको कुनै प्लानिङ हो ? यो हुन सक्दैन । त्यसकारणले गर्दाखेरि अब यसमा पनि सुधारतर्फ कुनै अगाडि बढ्यो त सरकार ? क्रमशः हामी त सुधारतर्फ अगाडि जानुपर्यो नि, परिवर्तनतर्फ अगाडि जानुपर्ने हो तर आज स्थिति चाहिँ त्यस्तो देखिएको छैन । झन् पछि झन् बिग्रिँदैको भनेपछि हामी परिवर्तनलाई स्थापित गर्न सकौंला त ? यही हिसाबले हामीले परिवर्तनलाई संस्थागत गर्न सक्छौं ? हाम्रो गणतन्त्र हाम्रो संघीयता हामीले जुन राजनीति स्थापित गर्‍या छौं ? यसलाई संस्थागत गरेर हामी अगाडि जान सकिन्छ ? यही हालतमा । यही हिसाबले जनतामा चाहिँ आशा पलाउने र यो व्यवस्थाप्रति एउटा सकारात्क चेतना जागृत हुने स्थिति बन्छ । मेरो बिचारमा त्यस्तो हुनसक्दैन । त्यसकारणले गर्दाखेरि सरकारको आजको हालत हेर्ने हो भन्देखि यी सबै कुरामा मैले असफलता मात्रै देखिरा' छु ।

नागरिकता किन फिर्ता गरेको ? दुई वर्ष लगानी गरेर, दुई वर्षसम्म करोडौंको लागनी भा' छ । यसमा अनि यो फिर्ता किन गरेको मलाई लाग्या'थ्यो । यो समितिमा फिर्ता गरेर यसलाई चाहिँ पास गरेर चाहिँ यो अगाडि आउँछ । राष्ट्रिय सभामा पनि आउँछ र यसै यही चाहिँ सदनमा यही चाहिँ संसदले चाहिँ यसलाई पास गरेर अगाडि जान्छ भन्ने चाहिँ हामीलाई लाग्याथ्यो । हामीले धेरै गम्भीरतापूर्वक नागरिकताको विषय उठाएको हो । आज चाहिँ आमाको नाममा नागरिक पाउन नसक्ने संविधानले दिने भन्या' छ । रोक्किरा' छ । अनि जन्मसिद्ध नागरिकका छोरा छोरीहरूले नागरिकता नपाउने मधेशमा यो ठुलो समस्या छ । हामीले सत्तापक्षबाट पनि यो कुरा उठेको हो । प्रतिपक्षबाट पनि यो कुरो उठेको हो । तर चाहिँ नागरिकता विधेयक आउला भन्दा त नागरिकता विधेयक चाहिँ पछाडि पो फर्किरा' छ । यसलाई चाहिँ किन यो नागरिकता विधेयकबाट सरकार पछाडि हट्यो ? यसको म गृह मन्त्रीज्यूबाट जवाफ चाहन्छु । यो आउनुपर्यो र म फेरि

पनि भन्न चाहन्छु । यो नागरिकता विधेयक यसै सदनमा आओस् र यो पास भएर अगाडि बढोस् भनेरे चाहिँ म भन्न चाहन्छु । म माग गर्न चाहन्छु। मल खादको कुरा अगि माननीयज्यूले पनि उठाउनुभा' छ । मल खादको त्यस्तै समस्या छ । अब नयाँ मन्त्रीज्यू आउनुभा' छ । उहाँलाई के भनौं । एक जना मन्त्रीले यहाँ आएर १ हप्ताभित्र मल खाद आउँछ भनेर जानुभयो । अब उहाँ त हटी नै हाल्नुभो । अब नयाँ आउनु भा' छ । उहाँलाई के भन्नौं उहाँबाट यो सब्बै बुझेर अहिले यो समस्या समाधान हुन्छ भन्ने मलाई लाग्दैन । र यो म PM अफिससँग सोध्न चाहन्छु । प्रधानमन्त्री कार्यालयसँग सोध्न चाहन्छु । यो मल खादको स्थिति कसरी समाधान हुँदैछ ? यो कहिलेसम्म आउँदैछ । अब त सक्किनै अहिले बर्खाको सिजनै सकिने बेला भइसक्यो । भनेदेखि यो सरकार यसमा पनि असफल, डाँट, ठगी हामीलाई ठग्ने काम भयो । यो संसदलाई ठग्ने काम भो', सदनलाई मात्र हैन जनतालाई ठग्ने काम भयो । तुरुन्तै आउँछ मलखाद आउँछ, समस्या हुँदैन ठुल्ठुला कुरा यही मञ्चबाट भएका थिए । तर छैन । हिजोको अर्थमन्त्रीज्यूले पनि भन्नुभा'थ्यो तर छैन त्यसकारणले सरकार गैरजिम्मेवार छ र कति असफल छ भन्ने कुरा चाहिँ यहाँबाट पनि हामीले यसको मूल्याङ्कन गर्न सक्छौं ।

विद्यार्थीलाई पुस्तक यही मञ्चबाट भन्नुभाथ्यो । यो तुरून्तै हुनेवाला छ । यति दिनभित्र यति छापिँदैछ, यति दिनभित्र अर्को यति छापिँदैछ । यो समस्या समाधान हुँदैछ भनेर भन्नुभाथ्यो । तर आज चाहिँ विद्यालयमा पुस्तक पुग्या छैन । शिक्षाको क्षेत्र डामाडोल छ । अहिले पनि तलाबन्दीको स्थिति छ । संस्कृतमा तालाबन्दी, उता तालाबन्दी यो चाहिँ शिक्षा क्षेत्र पनि जुन यो परिवर्तनलाई एउटा स्थापित गर्नको लागि राम्रो बनाउनुपर्ने जनताको एउटा आकर्षणको केन्द्र, युवाहरूको आकर्षणको केन्द्रको रूपमा चाहिँ शिक्षा क्षेत्रलाई लैजानुपर्ने हो । सरकार यसमा जवाफदेही बन्नुपर्ने हो तर यो पनि हुन सकेको छैन । र यो माध्यमिक तहको शिक्षाको लागि सरकारले दिने भनेको जुन पुस्तकहरू त्यो अहिलेसम्म पुऱ्याउन सकेको छैन । त्यसकारणले गर्दाखेरि चाहिँ यसमा पनि हामीले सफलता देख्छौं त सरकारको ? सरकारको मन्त्रीहरूले भनेको कुरा, मन्त्रालयहरूले दिएको जवाफको कुरालाई आधार मान्ने हो भने ठगी भएन त ? हामीलाई ठगिएन त ? संसदलाई, जनतालाई त्यसकारणले कति गैरजिम्मेवार, कति चाहिँ अयोग्य मन्त्रीहरू, कति अयोग्य छ यो सरकार भन्ने कुरा चाहिँ यसबाट पनि पुष्टि हुन्छ ।

अर्को कुरा अध्यक्ष महोदय, लोडसेडिङ, आज देशमा लोडसेडिङ छ । घोसित लोडसेडिङ छैन । बरू घोसित लोडसेडिङ गर्दिनु'स् । ऊर्जा मन्त्रीज्यूलाई म भन्न चाहन्छु । तराईमा भन्ने हो भने १/१ मिनेटमा लाइन आउने जाने गर्छ । किन त्यस्तो गराएको । बरू यति घण्टा लाइन जान्छ भन्दियौं न सिधै यति घण्टा देशमा चाहिँ

लोडसेडिङ छ भन्दिउँन । गौरब गर्ने यहाँ आएर मञ्चबाट बोल्दाखेरि हामीले अब बिजुली बेच्दैछौं भन्ने सुन्दाखेरि आनन्द लाग्ने तर व्यवहार हेर्दाखेरि चाहिँ व्यवहारमा ठिक उल्टो छ । आज देशमा लोडसेडिङ भइरा'छ । मधेशमा भन्ने हो भनेदेखि यो गर्मीको सिजमा नचलेको पङ्खा बिजुली आयो भन्ने हो भने लो भोल्टेजको समस्या छ । पावर पुग्दैन । अनि गयो भनदेखि त गई नै हाल्यो । लाइन चाहिँ आज तराईको एउट गम्भीर समस्या, यो पहाडको पनि समस्या छ । त्यसकारणले गर्दा लोडसेडिङ भनोस् यो सरकारले किन यो चाहिँ यो जनतालाई ढाटँने काम गर्दैछ । बरू त्यसो भनोस् खुल्ला त्यो भनोस् बरू त्यो राम्रो हुन्छ । तर चाहिँ बिजुली छ भन्ने, बिजुली बेच्दैछौं भन्ने, गौरबको नाक ठुलो बनाएर बस्ने तर व्यवहारमा अर्कै गर्ने यस्तो धन्दाबाट सरकार चाहिँ जोगियोस् भन्न चाहन्छु म ।

अर्को कुरा यो रेडक्रसमा के गरेको । यो रेडक्रम, स्कुल, क्याम्पस, युनिभर्सिटी यसमा यस्तो राजनीति नगरौं । रेडक्रस चाहिँ अन्तर्राष्ट्रिय एउटा संस्था हो । यसलाई त्यही उचाइमा चाहिँ हामीले व्यवहार गरौं न । यो के गर्न खोजेको ? अदालतको फैसलालाई पनि नमान्ने ? यो सरकार यस्तो भयो ? यो सत्ताको नेतृत्व गरेको यो कँग्रेस, यो काँग्रेसले के गर्न खोजिरा' छ ? शेर बहादुर देउवाज्यू, प्राधानमन्त्रीज्यूले के गर्दै हुनुहुन्छ यो । रेडक्रसमा पनि राजनीति ? त्यहाँ पनि चार तारैको बर्को ओढेरै जानुपर्यो ? त्यो ठिकै छ त्यहाँ अर्को राजनीतिक त्यस्तो छ भनदेखि चाहिँ राजनीतिक दलको मान्छे छ भन्ने लागिरा' छ भने उहाँहरूले कम्तीमा पनि अदालतको फैसलालाई त स्वीकार गर्नुपर्‍यो । त्यस हिसाबले अगाडि बढ्नुहोस् । यो एउटा दुनियालाई हसाउने, लाजलाग्ने व्यवहार चाहिँ नगर्नुहोस भनेर म भन्न चाहन्छु । यो रेडक्रसको सन्दर्भमा पनि लाख्छ भनेदेखि एउटा छानबिन समिति बनाउनुस् र संसदीय छानबिन समिति बनाएर त्यसले नै टुङ्गो गरोस् त्यस हिसाबले अगाडि बढ्नको लागि पनि म सुझाव राख्न चाहन्छु ।

र अर्को कुरा यो अछामको घटना अगि पनि कुरो उठ्यो । यो अछाममा बिनोद साहीको हत्या भयो । हत्या भएको हो र हत्यारालाई यो सरकारले किन चाहिँ काखी च्याप्दैछ ? हत्यारालाई कारबाही गर्नुपर्दैन ? अपराधीलाई दण्डित गर्नुपर्दैन ? म यहाँबाट गृह मन्त्रीज्यूलाई सोध्न चाहन्छु यो हत्यारालाई किन चाहिँ यो गृह मन्त्रालयले जोगाउँदै छ । किन चाहिँ पक्रेर चाहिँ दण्डित गर्दै छैन् ? म सोध्न चाहन्छु । र अरू कुराहरू हामीले (**<u>सम्माननीय अध्यक्ष</u>**:- छोट्याउनु माननीयज्यू) आजको यो सबै कुराको सन्दर्भमा मैले एउटा लास्टमा १ मिनेट अध्यक्षज्यू, सुशासनको बारेमा भष्टचारमुक्त नेपाल निर्माण गर्ने बारेमा हामीले धेरै कुरा उठाका छौं । र म एउटा चुनौती दिन चाहन्छु । त्यो भनेको के हो भने ओम्नीको बारेमा हिजो धेरै प्रश्न कुरा उठायो संसदभित्र, वाइड बढी जहाजको

बारेमा धेरै प्रश्न उठेको, यति होल्डिङ्सको बारेमा धेरै कुरा उठेको, बालुटारको जग्गाको बारेमा धेरै कुरा उठेको अहिले पाँच भाइले सरकार चलाउँदै हुनुहुन्छ । के हेरेर बस्नुभा' छ । तपाईंहरूले छानबिन गर्नुभएन ? तपाईंहरू के गरेर बस्नुभा' छ? ओम्नीमा के भा'को जनतालाई बताइदिनुपऱ्यो । सत्ता पक्षको माननीयज्यूले पनि यहाँ आएर भन्दै हुनुहुन्थ्यो । खै यो सत्ता पक्षले गरेको ? म चुनौती दिन चाहन्छु । हाम्रो सरकारको एक जना मन्त्री पनि यसमा संलग्न थिएन र छैन । हाम्रो पार्टीको एक जना नेता पनि यसमा संलग्न छैन र थिएन । हुन सक्दैन । म यो सरकारलाई च्यालेन्ज गर्न चाहन्छु । सरकारले छानबिन गरोस् । पाँच भाइको सरकार छ आज । यो सरकारले छानबिन गरोस् । र अपराधीलाई दण्डित गरोस् । अपराध भएको छ भने बाहिर ल्याउनुपऱ्यो होइन भने यो र्‍युमर छर्ने काम, भ्रम छर्ने काम बन्द गरोस् म अनुरोध गर्न चाहान्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय उर्मिला अर्याल । समय १२ मिनेट । त्यसपछि माननीय जयन्ती देवी राई ।

**माननीय श्री उर्मिला अर्याल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, आज म सबभन्दा पहिले हाम्रो राष्ट्रिय सभाका माननीय सदस्य माननीय मृगेन्द्र कुमार सिंह यादवज्यूलाई बधाई दिन चाहन्छु । साथै माननीय स्तियाक राई र माननीय प्रदिप यादव मेरो जिल्लाको पनि हुनुहुन्छ माननीय प्रदिप यादव । उहाँहरू तीनै जनालाई मन्त्री हुनुभएकोमा बधाई दिन चाहन्छु । र उहाँहरूको सफल कार्यकालको शुभकामना गर्दछु । र अर्को कुरा मलाई एउटा अर्को पनि भन्न मन लागेको के भने अहिले माननीय अर्थ मन्त्रीज्यूले राजीनामा दिइसक्नुभएको छ । र मलाई लाग्छ पहिले पनि यस्तो अर्थ मन्त्रीज्यूहरूको बारेमा धेरै कुराहरू उठेको थियो । चकलेट काण्ड अथवा के कान्ड अब अर्थ मन्त्रीसँग असन्तुष्टि भएर अर्थ सचिवले नै राजीनामा दिएर हिडेको पनि घटनाहरू थियो । अब बालुवाटार काण्ड, के के काण्डहरू छन् हैन धेरै कुरो थाहा छ सबैलाई र यी चिजहरू हुदाँ पनि राजीनामा आ'को थिएन । म धन्यावाद भन्न चाहन्छु । अर्थमन्त्रीज्यूले राजीनामा दिनुभएको छ र उहाँको केही छ भने जाँचबुझको लागि सबै दल संलग्न भएको एउटा चाहिँ छानबिन समिति पनि प्रतिनिधि सभाले बनाइसकेको छ । त्यो अवस्थामा यसलाई सहजीकरण गरेर आफ्नो नैतिकता उच्च देखाउनुभएकोमा अर्थ मन्त्रीज्यूलाई पनि धन्यवाद दिन चाहन्छु । अब हामीले धेरै बोल्नुभन्दा पनि समितिको प्रतिवेदनले के कुरा

ले'र आउँछ त्यसले यथार्थ कुरो आई नै हाल्छ । हामी सबैको अगाडि भन्ने कुरा उजागर गर्दै म अर्को विषयमा जान चाहन्छु ।

अहिले म अस्ति असार २२ गतेको काभ्रेपलान्चोक जिल्लाको पाँचखाल-८, बासकोटेको ..... (के भन्छ ठाउँको नाउँ) । त्यो चाहिँ शोकमा ढुबेको छ भनेर समाचार पढें र त्यो रामेछापको खाँडादेवी गाउँपालिका-१, लुभुका घाटमा मङ्गलवार भएको बस दुर्घटनामा त्यही थलोमा दुर्घटना स्थलमा नै ९ जनाको मृत्यु भयो । र फेरि हस्पिटल गइसकेपछि ४ जनाको र मैले अहिले अपुष्ट सुन्दाखेरि केही थप सङ्ख्या पनि मृत्युको बढेको छ । यो हेर्दाखरि चाहिँ हामीले यो सडक दुर्घटना सम्मबन्धमा र विशेष गरी यो चाहिँ जुन मौसम छ । अहिले मनसुनको बेलामा जुन किसिमले अझै बिकराल अवस्था हुन्छ । सडकका मापदण्डहरू गतिला नभएर भँनु अथवा जे भएर भँनु यस किसिमको घटनाहरूलाई एउटा हामीले सरोकारको विषय बनाएर हेर्नुपर्ने आवश्यकता म यहाँ यो हाम्रो राष्ट्रिय सभामार्फत जाहेर गर्न चाहन्छु ।

अब त्यही ठाउँमै कस्तो भा'रहेछ भने आठ वर्षअगि पनि दुर्घटना भएको र जिप खस्दा पनि ४ जनाको मृत्यु भएको, तीन वर्षअगि सोही ठाउँमा सुमो दुर्घटना भएर चालकले ज्यान जुमाएको भन्दाखेरि त्यो घटना, ठाउँहरू सेन्सेटिभ छ । अब यस्ता सेन्सेटिभ ठाउँ र संवेदनशील ठाउँहरू दुर्घटनाले थुप्रै ठाउँमा हाम्रो चाहिँ पहाडी क्षेत्रहरूमा विशेष गरी पहाडतिर दुर्गम क्षेत्ररूमा र यो धेरै सेन्सेटिभ ठाउँहरू छन् । र हामीले हरदम यस्ता दुर्घटना सुन्छौं र यी दुर्घटनाहरूले मैले प्युठानको पनि म अब मेरो घर प्युठान हो किन भने विवाह भएरको घर नै प्युठान हो र प्युठानको एउटा घटनाले त त्यो रिजाल परिवारका धेरै छोरा, बाउँहरू नै सिद्धिए र एक जनामा मात्रै जीवित भएको अवस्था पनि रहेको छ । त्यस्तो संवेदनशीलतालाई ध्यान नदिएर हामीले एउटा मापदण्डहरूलाई राम्रो फलो गर्ने हिसाबले चाहिँ र सडकको चाहिँ मापदण्डहरूलाई राम्रो बनाएर जानुपर्ने सरकारको आवश्यकतालाई ध्यानदिनुपर्ने देखिन्छ । र विशेष कारणहरूमा चाहिँ नियमन गर्नुपर्ने र त्यसलाई चाहिँ एउटा व्यवस्थित गर्ने कुरोहरूमा ड्राइभरहरूको हेलचक्र्याइँ भएको देखिन्छ ।

अब काठमाडौंको कुरा गर्नुपर्दा मोटरसाइकल चलाउने एउटा चाहिँ ट्र्याक नराखेको, लामो दुरीमा चाहिँ बिनाआराम गाडी चलाउनुपर्ने स्थिति, तिव्र गति अस्वस्थ्य प्रतिस्पर्धा त्यसपछि अर्को यो ट्रिपर चलाउनेहरूको चाहिँ एक ट्रिप थप बापत चाहिँ १ हजार एक्स्ट्रा भत्ता पाउने यस्ता चिजको प्रावधानले चाहिँ बढी दुर्घटनाहरू भएको र सडको पूर्वाधार व्यवस्थित नभएर, साँघुरो रोड भएर, पिच नभएको भएर, सडक पनि जथाभावि निर्माण भएर ,ती सडकहरू व्यवस्थित हुन नसक्ने, टाढा दुरीको बाटो हुने, मन्छे हिंड्दा हिंड्दा थाकेपछि

त्यो सडकमाथि मापदण्डबिनाका र पुराना गाडीहरू विशेष गरी चाहिँ दुर्गम ठाउँहरूमा चल्ने यसले गर्दाखेरि चाहिँ बढीभन्दा बढी त्यस्तो दुरावस्थामा हिँड्ने यात्रु चाहिँ गरिब वर्गको, अलि उत्पीडित समुदायको र अलि जसको आफ्नै एउटा सवारी साधन हुँदैन, केही हुँदैन अव्यवस्थित तरिकाले हिँड्नुपर्ने दशैं मात्र जाँदा दशा व्यहोर्नुपर्ने । यी सम्पूर्ण समस्याहरू हेर्दाखेरि हामीले एउटा राम्रो मापदण्डसहित नियमन गर्नुपर्ने, कडाइ गर्नुपर्ने र यो रोड सवारी सुरक्षित गर्नुपर्ने र यो दुर्घटनाहरूले बढी १५ देखि ४० वर्ष उमेरकै मान्छेहरू धेरै मर्ने हुँदा, घरको कमाउने व्यक्ति नै त्यसमा गुमाउनुपर्ने र एउटा आर्थिक स्थितिले चाहिँ घरको झन दुरावस्था हुने । एक त गरिबहरूले यो व्यहोर्नुपर्ने र त्यसपछि झन् उहाँहरूको स्थिति धेरै नाजुक हुने र यसले गर्दा कतिपय स्पाइनल इन्जुरी  दुर्घटनाले गर्दा अपाङ्गता बढ्ने र यो अपाङ्गताका कारणले त्यो परिवारहरू अझै कठिन र जटिन अवस्थामा जानुपर्ने । यी सम्पूर्ण समग्र चिजहरूको लागि चाहिँ हामीले एउटा राम्रो रोड, सडकसम्बन्धी राम्रो नीति लेराउनुपर्‍यो ।

यातायातसम्बन्धमा जे जति प्रावधानहरू छन् । यहाँ छन् प्रावधानहरू कतिपय प्रावधानहरू राखिएको छ । अब सवारी साधान चाहिँ त्यो स्पिड गन पनि छ रे । जाँच बुझ हुन्छ तर त्यो सबै चिज चाहिँ बजार सजारमा अलि अलि देखिए पनि यही पनि अब एकदम मोटरसाइकल दुर्घटनाहरू सहर बजारहरूमा धेरै नै छन् । त्यसको प्रयोग चाहिँ राम्रोसँग नियमन चाहिँ विशेष गरी हाम्रो चाहिँ पहाडतिर र दुर्गम क्षेत्रमा हुन सक्दैन । र सबैभन्दा दुरावस्था गरिब बस्ने ठाउँ पनि त्यही हो र त्यहीका गरिबहरूले यो सबै चिजमा दसैंमा दसा भोग्नुपर्न, कमाएर आउँदा मृत्युवरण गर्नुपर्ने । यो कोरोनाकालमा बरू धेरै दुर्घटनाबाट बचेको रहेछ किन भने मान्छेहरूको आवागम कम हुँदा त्यसले गर्दाखेरि रोगले भन्दा पनि बढी सडक दुर्घटनाले मान्छेहरू मर्ने हुँदा यसको लागि कडाइसाथ हामीले अहिले त प्रदेश सरकार छ । भनूँ न पालिकास्तरीय स्थानीय सरकार छ, केन्द्रीय सरकार छ र यो नियमनलाई चाहिँ व्यवस्थित गर्नको लागि सडक बनाउने कुरोमा अझै कडा निर्देशनसहित यसको नियमावली अथवा नीतिहरू निर्माण गरेर पालिकालाई पनि त्यसमा तदारुकता गर्नुपर्ने, केन्द्रीय सरकारले साथै चाहिँ जुन सडक विभाग, निर्माण यातायात मन्त्रालय छ । त्यहाँ मापदण्डहरूलाई राम्रोसँग फलो नगरेको कुरामा चाहिँ कारबाहीको विषय बनाउनुपर्ने, कतिपय ट्राफिकहरूले पनि त्यसमा चाहिँ अब त्यसलाई व्यवस्थित नगर्ने, ट्राफिक रुलहरू उल्लङ्घन गरेपनि कतिपय कुराहरूमा लेनदेनको भएर पनि छुट्ने । त्यो खालको स्थितहरूलाई नियन्त्रण गर्नुपर्ने कुराहरू मैले राख्न चाहन्छु ।

त्यसकारण नेपाल सरकारको राष्ट्रिय सडक सुरक्षा नीति, कार्य योजना पनि रहेछ । सडक सुरक्षा रोड सेफ्टी एक्सन प्लान पनि बनाको रहेछ । तर ती सबै हुँदा

हुँदै पनि अब संयुक्त राष्ट्रको UN Global plan for the decade of action for road safety भनेर २०११ देखि २०२० पनि त्यो रहेछ । यी सबै चिजलाई हामी अनुमोदन गर्छौं । कार्यान्वयन गर्ने कुरोमा हामी चाहे पक्षमा रहौं सत्ताको पक्षमा, विपक्षमा हामीले यस्ता चिजहरूमा चाहिँ सामूहिक रूपले नै एउटा सोच बनाएर राज्यले निर्देशित गर्नुपर्ने आवश्यकता देखिन्छ । र कहिलेकाहीँ हामीले सहकार्य गरेर पनि जाऊँ भनेर म यहाँ अनुरोध गर्न चाहन्छु । र यो चाहिँ हाम्रो राष्ट्रको मुद्दा हो । राष्ट्रको मुद्दामा हामी एकजुट भएर कहिलेकाहीँ हामी आफै पनि एउटा अध्ययन टोली बनाएर सुझाव दिनुपर्छ कि ? भन्ने पनि मैले यहाँ अनुरोध गर्न चाहन्छु । सायद समितिहरूमार्फत जान्छ पनि होला । र अब यो धेरै जसो दुर्घटना हुनुको कारणहरूमा हेर्दाखेरि अब यो २०१४ देखि २०१९ यो इस्वी संवत् भनें मैले । त्यो हेर्दाखेरि मैले एउटा डाटा यसो अलिकति हेर्न खोज्या थिएँ । थोरै समय भो' मैले हिजो मात्र समय पाउँदाखेरि ..... त्यति छोटो अवधिमा र ७६ प्रतिशत हाइवे एक्सिडेन्ट चाहिँ ट्राफिक रूलको उल्लङ्घन गरेको हुनाले मात्रै हुन्छ ।

त्यस्तै ड्राइभर, ट्रिपर ड्राइभरको त अगि पनि मैले भने अनि ६ महिनामा यो २०१८/२०१९ को ६ महिनाको डाटामा त मैले एउटा फेला पार्दाखेरि अब एकिन त धेरै भेटाउन सकिनँ । २ हजार ५३ जना महिला र ९२३ पुरुषको मृत्यु भएको देखिन्छ दुर्घटनाबाट र Injury को अपाङ्गताको कुरा छुट्टै छ । त्यसकारण चाहिँ यसको लागि चाहिँ सुरक्षित पूर्वाधार, गाडी चलाउने अनुमति दिँदाखेरि पनि धेरै परीक्षण लिएर मात्रै दिने, जथाभावि ट्राफिक नियमको कडाइसाथ नियम पालना र स्पिड गनको चाहिँ राम्रो प्रयोग, यात्रुहरूको ट्र्याक रिपोर्ट राख्ने र दुर्घटना हुने सम्भावना भएको ठाउँहरूमा तुरून्तै उद्धार गरेर उनीहरूको उपचार गर्न सक्ने स्थितिको लागि चाहिँ एउटा पेट्रोलङ सिस्टमहरू राख्नुपर्छ कि यो सिजनमा विशेष गरी । र दसैंहरूमा जाँदाखेरि अनि क्षमताभन्दा पुराना गाडीहरू क्षमताभन्दा बढी चाहिँ बढी यात्रुहरू बोकेर जाने हुँदा यसरी यो हेर्दाखेरि सामान्य जस्तो लाग्छ होला । आय गए आफुलाई नपरुन्जेल केही भा'को जस्तो हुँदैन । तर जसलाई पर्छ यो सर्वस्व हुन्छ । त्यसकारण दुर्घटना हुँदा जुन परिवारको बिचली, दुरावस्थाहरू भ'को छ । यसको लागि चाहिँ सुरक्षित गर्नको लागि चाहिँ मलाई लाग्छ हामीले विशेष व्यवस्था गर्नुपर्ने र त्यस्तै पर्यो भने हामी एउटा सहकार्य गरेर सरकारको ध्यानाकर्षक गराऊँ र सुझावहरू पनि पेस गरौं भन्ने कुरो छ ।

र अर्को अहिले चाहिँ विशेष हिसाबले अहिले बाढी, पहिरोको सिजन छ । र बाढी, पहिरोको सिजनामा हामीलाई लाग्यो थियो कि स्थानीय तहको सरकार भइसकेपछि, प्रदेश सरकारले भइसकेपछि, त्यस्तो चिजहरूलाई तुरुन्तै केन्द्रीय सरकारले त्यति ध्यान पुऱ्याउन नसकेको ठाउँमा स्थानीय सरकारले तुरुन्त ध्यान पुऱ्याएर हामीलाई त आफ्नो गाउँको त

थाहा छ नि यो ठाउँमा चाहिँ तुरुन्त डुबान हुन्छ । यो ठाउँमा बाटोहरू भत्किने सम्भावनाहरू हुन्छ । यो चिजहरू करिब करिब सधैं त्यो घटनाहरू भइरहने ठाउँहरूलाई र विशेष गरी दलित समुदाय र यो सीमान्तकृत समुदायहरू जसको जग्गा हुँदैन । ऐलानी जग्गामा बस्छन् । त्यस्ताको लागि र एउटा त्यो धेरै नै दुरावस्था र छाप्रो अलि गहिरो, अलि मार्जिनल ठाउँहरूमा चाहिँ सीमान्तकृत ठाउँहरू मात्रै उनीहरूले प्राप्त गर्ने हुँदाखेरि सार्वजनिक, ऐलानीमा बस्ने हुँदा उहाँहरू बढी पीडित हुनुहुन्छ । रोगव्याधिले आदि इत्यादिले सबै चिज घर जाने, बास उड्ने, खाना राम्रो नपाउने, पानी शुद्ध पिउन नपाउने, यो अवस्थाहरू चाहिँ मधेशमा हुन्छ भने पहाडतिर चाहिँ धेरै बगाएर बच्चासमेत पुरेको, परिवारै पुरेको दुःखद् घटनाहरू भइरहेका छन् । त्यसकारणले यसमा चाहिँ हामीले एउटा राष्ट्रिय नीति नै तयार पारेर स्थान कमसेकम बासस्थानको सुरक्षित बासस्थान र त्यसको भौगोलिक बनावटहरूको हिसाबले चाहिँ एउटा राष्ट्रिय मापदण्डसहितको राष्ट्रिय म्यापिङ गर्नुपर्ने हो कि ? त्यो नक्सा नै बनाएर हामीले चाहिँ पालिकाले चाहिँ हरेक पालिकाले त्यो नक्सा बनाएर र त्यो ठाउँलाई सुरक्षित मलाई एउटा पालिकाको याद छ मलाई । उहाँहरूको जहिले पनि घर डुबान हुँदा उहाँहरूले चाहिँ त्यहाँ जग उठाएर अग्लो बनाइदिनुपर्छ माथि फुसको घर बनाए पनि बनाऊँ तर घर चाहिँ डुब्दैन । त्यति भएपछि ज्यान त बच्यो नि, उसको अन्न त बच्यो नि, धेरै गरिबैको घर यस्तो हुन्छ । हुने खानेले त आफ्नो र व्यवस्थित बनाको हुन्छ । त्यसकारणले चाहिँ एउटा मापदण्ड चाहिँ हामीले राष्ट्रिय मापदण्ड बनाएर त्यस्तो आवासलाई सुरक्षित गर्ने कुरो कम्तीमा ज्यान बचाउने राती सुतिरहेको सारा परिवारै बगेर जाने । यो घटनाहरू चाहिँ दुःखद घटनाहरू नहोस् भन्ने हिसाबले चाहिँ हामीले ध्यानाकर्षक गराउनको लागि एउटा राष्ट्रिय मापदण्ड तयार पार्ने र यसलाई चाहिँ पूर्णतया: पालिकाहरूको तर्फबाट कार्यान्वयन गराउने हिसाबले मात्रै जान सक्यौ भने पनि हामीले धेरैको ज्यान बचाउन सक्ने र त्यसलाई व्यवस्थित गर्न सक्ने र वर्षाको दुःखद स्थितिबाट बचाउन सकिन्छ ।

त्यस्तै यो सडक पेटीमा चाहिँ गरिबहरूको जुन अहिले बिचल्ली भइरहेको छ । अब उहाँहरू चाहिँ बाढी विस्थापित भएर, कोही भूकम्प विस्थापित भएर, कोही एकदमै मजबुरीले आएर सडकमै व्यापार गरेर आफ्नो जिविका चलाउने र बच्चाहरू पाल्नेहरूलाई जुन किसिमको अहिले चाहिँ एउटा हुर्मत लिने कामहरू हामीले देखिरहेका छौं । त्यसलाई अब यो महानगर, उपमहानगर, नगरपालिकाहरूले व्यवस्थपित गरेर उहाँहरूको चाहिँ जीविकालाई व्यवस्थित गर्ने किसिमले व्यापार चलाउने वातावरणको सुनिश्चितता गर्दिनुपर्ने कुरोमा सरकारले चाहिँ निर्देशन गर्ने हिसाबले र हामीले ध्यानाकर्षक गराउन खोजें र यसलाई अलि व्यवस्थित गरेर जाऊँ भन्ने कुरा राख्दै म विदा लिन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय जयन्ती देवी राई समय १२ मिनेट । त्यसपछि माननीय प्रमिला कुमारी ।

**<u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, यहाँ उर्मिला माननीयज्यूले उठाइसक्नुभएको छ । अस्तिको दिन रामेछापमा सवारी दुर्घटनाका कारण १३ जना मान्छेहरू मृत्यु भइसकेको छ र २१ जना घाइते र अहिले पनि चालक र सहचालकलाई प्रहरी हिरासतमा राखिएको छ ।

र अध्यक्ष महोदय, मलाई यहाँ प्रश्न गर्न मन लाग्यो कि आज यो सवारी दुर्घटना यो आज मात्रै होइन निरन्तर निरन्तर भइरहेको छ । यसमा कि चालक मात्रै यसको दोषी हो ? कि यो घटनाको जिम्मा चालकले मात्रै लिने हो ? र हरेक दुर्घटनामा चालकहरूले आफ्नो ज्यान गुमाएको छ । र केही उनीहरूको कारणले भए पनि अत्यधिक दुर्घटना अरू कारणले भएको छ । तर यो कुरालाई आज यो मुद्दालाई यो सबैको समस्याको रूपमा हामी सबै यात्रा गर्छौं कुन नै कुनै दिन । सबैलाई पर्ने कुरामा आज सम्बन्धित निकायको ध्यान नगइरहेको हामी देखेका छौं । १३ जना मान्छे एकै ठाउँमा मर्नु भनेको त्यो हामीलाई सामान्य लागे पनि त्यहाँ त्यो भोग्नेहरूको लागि यो अत्यन्तै दुःखदायी, पीडादायी घटना हो । त्यसकारणले म आज सबभन्दा पहिला मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । र शोकाकुल परिवारजनमा हार्दिक संवेदना व्यक्त गर्दै सम्पूर्ण घाइतेहरूलाई म शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

र साँच्चै भन्ने हो भने यो देशमा सवारी साधानबारे कानुन नभएको होइन । राष्ट्रिय सुरक्षा नीति छ । हामीलाई थाहा छ । २०४९ मा नै यो यातायात व्यवस्थासम्बन्धी हरेक जाँचपासको व्यवस्था गरेको छ । ६/६ महिनामा जाँचपास गरिनुपर्छ भन्ने व्यवस्था गरेको छ । यो जाँचपासको अर्थ चाहिँ Document मात्रै Show गर्ने हो र ? गाडीहरू कुन कन्डिसनमा छ ? गाडीको पाटपुर्जा कसरी बनेको छ ? त्यसको वारेन्टी कस्तो छ ? कुन कस्तो सडकमा दौडिरहेको छ ? त्यसको स्पिड कसरी कुदाइरहेको छ ? र यो गाडीको कन्डिसन, गाडीको कन्डिसन वास्तवमै हेर्नुपर्ने हो कि ? हरेर बेला लेनदेनको आधारमा गाडी जसुकै होस् । त्यसलाई जाचँपास सँगै गरिन्छ । त्यही कारणले आज बिग्रेको गाडी दौड्दाखेरि जहीँ पनि जहाँ पनि दुर्घटना हुन सक्छ । अत्यधिक गाडीहरू ब्रेक फेल भएर Accident भएको छ । रामेछापमा पनि ब्रेक फेल भएर गाडी Accident भएको छ । त्यसकारणले यो जाचँपास कसरी गर्दैछ भन्ने बारेमा सम्बन्धित निकायले

त्यसलाई कडा अनुगमन गर्नुपर्छ कि पर्दैन ? आज अनाहकमा वर्षौंनी हजारौं मान्छेहरूको मृत्यु भइरहेको छ । त्यसकारणले म अध्यक्षमार्फत सरकारको गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु । आउँदा दिनहरूमा यस्तो मनपरी ढङ्गले यो यातायात व्यवस्थाको एउटा नियमलाई चाहिँ पालना नगर्नेहरूलाई कारबाही गर्ने र मनपरी दौडन नदिने गरी अनुगमन गर्नुपर्‍यो । कडा अनुगमन गर्नुपर्‍यो ।

यसरी नै अर्को कुरा पेट्रोलियम पदार्थ बढ्दा स्वभाविकै हो गाडीहरूको मूल्यवृद्धि हुनु । तर मूल्यवृद्धि निश्चित हुनुपर्‍यो त्यो कति हो त्यो सबैमा हुनुपर्‍यो । तर यहाँ त मनपरी लिएको छ । कुनै गाडीले कति म मैले आफैले भोगेको कुरा म नेपाल यातायात चढेर यहाँ आउँछु । चक्रपथबाट कुनै गाडीले ३० रुपैयाँ लिएको छ । कुनै गाडीले २५ रुपैयाँ लिएको छ । र गाडीको मूल्य २३ रुपैयाँ हुदाँ अनि २५ रुपैया तिर्नुपर्ने हामीले चानचुने छैन् । चेन्ज छैन भनेर २५ रुपैयाँ भाडा अनिवार्य तिराउने । मैले नै एक दिनमा ६ रुपैयाँ तर्छु । भने हजारौं यात्रीहरूबाट कति असुली हुँदैछ ? यो विभिन्न ठाउँमा आफूले सक्ने ठाउँमा सबैले ब्रह्मलुट गर्ने, यो लुटको खेती, झुटको खेती यो कहिलेसम्म फस्टाउन दिने हो ? सभाध्याक्ष महोदय, त्यसकारणले यसको पनि यो यातायात व्यवस्थालाई यसलाई सही ढङ्गबाट उचित मूल्य लिनपर्यो । होइन भने कि पच्चिसै तोक्नपर्यो कि तिस तोक्नपर्‍यो । २३ तोकेर २५ लिन पाइएन । त्यसो भएको कारणले यसमा यो ध्यान गइरहेको छैन । जहाँ त्यहीबाट पनि आज जनताहरू, सर्वसाधारण जनताहरूलाई खालि एक किसिमको आहातै आहात मात्रै हामीले चाहिँ उपहार नदिऊँ ।

र अर्को कुरा भनेको मूल्यवृद्धि धेरै पटक यहाँ उठिसकेको छ । मूल्यवृद्धिले गर्दा आज जनजीवनमा एकदमै कष्टकर बनिरहेको छ । मूल्यवृद्धि पनि हरेक पसलको फरक फरक मूल्य छ । यो सम्बन्धित निकायले यो मूल्यवृद्धिलाई निर्धारण गर्नुपर्छ कि पर्दैन ? आज खोइ आज यी पसलहरूमा अनुगमन ? आज हामीले खाइरहेको सामानहरूको खाद्यान्नहरूको क्वालिटी टेस्ट कसले गरेको छ ? हामी सुलभमा त दिनुहोस् भन्दैनौं, पाऊँ भन्दौनौं तर हामीले उचित मूल्य तिरेर खान पर्ने व्यवस्था चाहिँ मिलाउनुपर्‍यो सरकारले ।

र यो हाउसमा धेरै पटक उठेको छ । सरकारको ध्यान पनि केही गहिरिएको छ र केही काम पनि भइरहेको छ । जुन यो निरन्तरको वर्षाले आज पहाडी क्षेत्रमा भल, पहिरो, बढी र तराई क्षेत्रमा डुबानको कारणले आज धेरै हजारौं हजार आज जनताहरू विस्थापित हुने कुराहरू भएको छ । र कतिलाई घर फर्काउने कुराहरू पनि भइरहेको छ भने धेरै घरमा ल्याउन सक्ने स्थिति छैन । आज रातमा निन्द्रा दिनमा भोक नभएर आधा पिल्टो भएर जनताहरू बाँचिरहेको स्थिति छ । जतातते देशभरि पूर्व-पश्चिम, पहाड-तराई सबैतिर अझ बाजुरा जस्तो ठाउँमा १ सय १६ घरै, गाउँपालिका गाउँ नै आज विस्थापित

भइरहेको छ । आज पूर्वको झापा, मोरङ, सुनसरी हजारौं हजार एउटा गाउँबाट चाहिँ विस्थापित भइरहेको छ । अझ पहाडी जिल्लाहरूमा त्यसरी नै आज धनजनदेखि लिएर आज वस्तुभाउ सबै बाढीले बगाइरहेको छ । अझ सयौं आयोजनाहरू, योजनाहरू अरबौंको क्षति भइरहेको स्थिति छ । र अहिले सामान्य कृषकहरूले व्यावसाय गरेर कुखुरा फारम, बङ्गुर फारम पनि आज बाढीले बगाएर तहसनहस बनाएको छ र आज एकदमै त्यस्तो किसिमको एउटा नाजुक अवस्थामा जनताहरू बाँचिरहनुपर्ने स्थिति छ अहिले पनि । र त्यति मात्र हैन अहिले जुन बाढी पहिरोले बगाएर ल्याएको जुन त्यो जनावरहरूको कारणले, फोहोर मैलाको कारणले अत्याधिक रूपमा हैजा सुरु भइसकेको छ । र मलाई लाग्छ १८/१९ जना हैजाबाट सङ्क्रमित भइसकेको छ ।

त्यसकारणले अहिले के खतरा बढीरहेको छ भने अब हैजाबाट पनि मानवीय क्षति पुग्ने किसिमले एउटा खतरा बढिरहेको छ । र यस कुरामा सरकारले बेलैमा विभिन्न किसिमका विकल्पहरू अपनाउनुपर्ने जरूरी छ । र अहिले पनि आज सप्तकोसीमा हेर्ने हो भने पानीको बहाव बढीरहेको छ । त्यहाँ १ लाख ५० हजार क्यूसेफ पानी बढिसकेपछि त्यहाँ एकदमै खतरा हुन्छ ।  तर अहिले १ लाख ६८ हजार पानी क्यूसेक बढी रहेको छ । त्यसकारण त्यहाँका तटीय क्षेत्रका बासिन्दाहरू हताहात बनिरहेको छ । र विगतमा पनि मलाई लाग्छ २०६५ भाद्र २ गते त्यहाँ ४ ओटा बस्तीहरू डुबेको थियो । ७ हजार ५ सय ६३ जना चाहिँ त्यहा विस्थापित भएका थिए । लगातार लगातार ३ महिनाको प्रयासमा उनीहरूलाई चाहिँ सामान्य अवस्थामा फिर्ता गर्न सकिएको थियो । र अहिले पनि त्यो ठाउँमा भयवाह  भइरहेको छ । पानी बढिरहेको छ । त्यसकारणले अहिले जम्मा २४ ओटा ढोकाहरू खोलिएको छ । र अहिले त्यसलाई यो पानीबाट चाहिँ जुन यो बढेकोबाट फेरि पनि ढुबान हुने स्थिति भ'को कारणले यसप्रति म विगतको जस्तो स्थित सिर्जना नहोस् भन्नको निम्ति म सरकारलाई ध्यानाकर्षण गराउँदछु ।

र त्यसरी नै आज महाकाली नदीमा पनि त्यहाँ चाहिँ ढोका खोल्दाखेरि दार्जुलाका बस्तीहरूमा त्यहाँ पनि एकदमै कठिन भइरहेको छ र उनीहरूलाई त्रासका साथ बाँच्नुपर्ने स्थिति बनिरहेको छ । यसरी अहिले जताजतै बाढी, पहिरोको र पानीको कारण चाहिँ जनजीवनमा अस्तब्यस्त भएको छ र कतिपय बस्तीहरूलाई सदा सदाको निम्ति स्थानान्तरण गर्नुपर्ने स्थित छ । त्यसकारणले अगि हाम्रा उर्मिला माननीयज्यूले भन्नुभए जस्तै विशेष यो विपद् व्यवस्था समितिमा विशेष व्यवस्था गरेर चाँडोभन्दा चाँडो व्यवस्था गरेर आज सहज ढङ्गको वातावरण पैदा गर्नु र आज उनीहरूलाई सहज ढङ्गले स्थापित गर्ने कुरामा ध्यान जान जरूरी छ सरकारको ।

र अर्को कुरा भनेको हामी सबैलाई थाहा छ कि हिजो मात्रै योगमाया न्यौपानेको हामीले स्मृति दिवस १०४ औं स्मृति दिवस हामीले हिजो मनायौं । र मैले सबैभन्दा पहिला आजभन्दा पहिला ९ वर्ष संविधान सभाको संसदमा योगमाया न्यौपानेको योगदानलाई कदर गर्नुपर्छ सम्मान गर्नुपर्छ भनेर बोलेको थिएँ । र विश्वकै एउटा सामाजिक क्रान्तिको रूपमा, लैङ्गिक क्रान्तिको रूपमा, आन्दोलन, परिवर्तनको रूपमा अगाडि बढ्न अग्रज महिलाको रूपमा हामीले चिन्दछौं । तर हामीले उनलाई साँच्चै सम्मान दिन सकेका छैनौं । जसले त्यति बेला राजनीतिक, सामाजिक, धार्मिक, लैङ्गिक सबैमा रूपान्तरण गर्ने आन्दोलन उहाँले गर्नुभएको भयो । र सबैले यो इतिहास पढ्नुभएको छ । त्यसकारणले आज हामी विभिन्न विदेशका महिलाहरूको इतिहास पढ्छौं तर हाम्रो आफ्नै देशमा भएका योगमायाले जहाँ आफूलाई समर्पण यो विभिन्न क्षेत्रमा रूपान्तरण गर्नेसम्म समर्पणको निम्ति आफ्नो ज्यानलाई अर्पिनुभो' । उहाँले ६७ जनाको साथमा उहाँले चाहिँ अरुणमा चाहिँ जुन हिजोको दिन १९९८ असार २२ गते जुन हिजो नै उहाँले चाहिँ आत्म जुन एउटा त्याग गर्नुभा'को, जलसमाधि गर्नुभा'को थियो । त्यो आत्महत्या नै हो । (**<u>सम्माननीय अध्यक्ष</u>**:- तपाईंको समय सकियो माननीयज्यू टङ्ग्याउनुहोला) हत्या नै गरिएको थियो । त्यो सरकारले त्यति बेला त्यो समाजले त्यति बेला उहाँलाई एउटा बाध्यात्मक स्थितिमा उहाँलाई हत्या गरिएको थियो । हत्या गराइएको थियो । त्यसको निम्ति उहाँलाई म अन्तिमा के भन्न चाहन्छु भने यो राष्ट्रले उहाँलाई राष्ट्रिय विभुतिको रूपमा सम्मान गर्नुपर्छ । हस् त धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय प्रमिला कुमारी । समय ५ मिनेट । त्यसपछि माननीय सुमित्रा वि.सी.।

**<u>माननीय श्री प्रमिला कुमारी (जनता समाजवादी पार्टी नेपाल)</u>**:- सम्माननीय अध्यक्ष महोदय, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि संविधानले परिकल्पना गरेबमोजिम अभ्यासका क्रममा केही उपलब्धिहरू भएका छन् । सिंहदरबारका अधिकार नागरिकको घरदैलोसम्म पुगेको । राज्यका हरेक अङ्गमा समानुपातिक, समावेशी र सहभागितामूलक प्रतिनिधित्वको सुनिश्चितता भएको नागरिक सार्वभौमसत्ता सम्पन्नलगायतका उपलब्धि प्राप्त भए तापनि यसको कार्यान्वयन तहमा देखिएका कमजोरीका कारण नेपाली नागरिकहरू असन्तुष्ट हुनु स्वभाविक हो । केन्द्रीकृत राज्य व्यवस्था परिवर्तनसँगै स्थायी, शान्ति, सुशासन, दिगो विकास र समृद्धिको परिकल्पनाबमोजिम काम हुन नसक्नु राजनीतिक दलका शीर्ष नेताहरूको नै कमजोरी देखिएको छ । केन्द्र, प्रदेश र स्थानीय तहबिचका सम्बन्ध

सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा हुने संवैधानिक व्यवस्था भए तापनि यसको पालना राम्रोसँग भएको देखिएन । त्यसैले संघीयता र समावेशीतालाई सशक्त बनाउन राष्ट्रिय सभाले संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमनसम्बन्धी संसदीय विशेष समिति गठन गरेको छ । र सो समितिले क्रियाशील भई राजनीतिक, प्रशासनिक र वित्तीय संघीयतालाई मजबुद बनाउन कार्ययोजनाबमोजिम अगाडि बढेको छ । संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक प्रतिनिधित्वको सुनिश्चितता गरे तापनि मन्त्रिपरिषद्लगायत राज्यको हरेक अङ्गमा ३३ प्रतिशत महिला सहभागिता हुन नसक्नु संविधानको उल्लङ्घन गर्नु हो ।

गठबन्धन सरकारले मन्त्री हेरफेर गर्ने बेला महिला मन्त्रीलाई पनि फिर्ता बोलाएपछि सो ठाउँमा अन्य योग्य र सक्षम महिला सांसदलाई पठाउने ठाउँमा पुरुष सांसदलाई पठाएर पितृसत्तात्मक सोचलाई प्रोत्सहान गरेको छ । महिलाको अधिकार हनन गरेर महिलालाई अधिकारविहीन बनाएर गठबन्धन सरकारले संघीय लोकतान्त्रिक लोकतन्त्रलाई कुनै पनि हालतमा मजबुद बनाउन सक्दैन ।

आउँदो प्रदेश सभा र प्रतिनिधि सभा चुनावमा राजनीतिक दलहरूले महिलालगायत Humen development index मा पछि परेका समुदायलाई जित्ने ठाउँबाट उम्मेदवारी दिलाउन सकेन भने संविधान, संघीयता र लोकतन्त्र झन कमजोर हुन्छ । भन्छन् "Man and woman both are two folds of a coin, if a fold is spoiled the existent of the coins is damaged" त्यसैले यदि सरकारले संघीयता र लोकतन्त्र रूपी सिक्काको अस्थित्व जोगाउन खोज्छ भने महिलालाई कमजोर र निरिह ठान्नुहुँदैन । 98 percentage महिलासँग सबैभन्दा ठुलो शक्ति इमान्दारिता र लगनशीलता छ । जुन शक्तिको विद्रोहलाई कुनै पनि शक्तिले सम्हाल्न सक्दैन । त्यसैले समयमै सचेत गराउन नेपाल सरकारको ध्यानआकृष्ट गराउन चाहन्छु । र साथै बाढी, प्रकोप र कोभिड सङ्क्रमित फेरि बढ्न लागेको अवस्थामा अत्यधिक धन जन क्षति हुन नदिन समयमै आवश्यक व्यवस्था मिलाउनसमेत नेपाल सरकारको ध्यानआकृष्ट गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सुमित्रा वि.सी. । समय ८ मिनेट । त्यसपछि माननीय युवराज शर्मा ।

**<u>माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अब यो आजको यो विशेष समयमा यही हाम्रो राष्ट्रिय सभाका माननीय मृगेन्द्रकुमार

सिंह मन्त्री हुनुभएकोमा उहाँलगायत सम्पूर्ण नयाँ मन्त्रीहरूलाई म हार्दिक बधाई भन्न चाहन्छु ।

र हामीलाई अहिले जल्दो बल्दो अहिलेको इस्यु अर्थ मन्त्री र सीसीटीभी फुटेज हामी सबैले धेरै दिन सुन्नुपऱ्यो । र एउटा रीतिथिति बसाउनका निम्ति धेरै सदनभित्र र बाहिर सङ्घर्ष गर्न पऱ्यो । यथार्थता आउनका निम्ति र छानबिनलाई सहज गर्नका निम्ति अर्थ मन्त्रीले राजीनामा दिनुभा'को छ । जुन उहाँले रोस्ट्रमबाटै यो सीसीटीभी फुटेज हेर्न चहाने एमाले को हो ? भनेर सोध्ने गर्नुभ'को थियो । म उहाँलाई भन्न चाहान्छु । एमाले को हो भन्ने कुरो विगतको स्थानीय चुनावमा पाँच दलका गठबन्धको विरूद्ध एक्लै कति मत ल्याएको छ एमालेले ? त्यो उहाँलाई पुनः फेरि स्मरण गर्न म अनुरोध गर्न चाहन्छु । र यो जुन छानबिन समिति बनेको छ । ढिलै भए पनि उहाँले राजीनामा दिनुभयो । छानबिन समिति बन्या छ । मलाई अलिकति अझै सङ्का छ । जुन सीसीटीभी फुटेज ३ महिनासम्म हटाउन पाइँदैन । तेह्रै दिनमा हटाएर उहाँ उम्किने कोसिस गर्नुभएको छ । यसो चर्चा सुनिन्छ गृह मन्त्रालयको पनि यसमा मिलोमतो छ । र हामीले एउटा लाटो मान्छेले पनि थाहा पाउने कुरा हो । प्रधानमन्त्री र सम्बन्धित सरकारका शीर्ष दलका नेताहरू मौन हुनुमा पनि यो सबैको सरसल्लाह पनि हुन सक्छ । र यो छानबिन समिति बनेको छ । यसले प्रमाणहरू पत्ता लगाएर निष्पक्ष छानबिन गरोस् । र अर्थ मन्त्रीले राजीनामा मात्र दिएर सायद पुग्दैन होला । यदि दोषी ठहरिएमा उचित कारबाही होस् भन्ने पनि म सकारकारलाई भन्न चाहन्छु ।

र अब अहिले हामी सबै विगतको कोभिडले आक्रान्त भएका छौं । र यो फेरि पनि चौथो र पाचौं कोभिड आउने ३२ वटा स्वाबहरू टेस्ट गर्दा २ ओटा अलि गम्भीर खालका भेरिएन्टहरू आउने सम्भावना स्वास्थ्य विज्ञहरूले बताइरहेका सुनिरहेका छौं । यसको बारेमा अहिलेको यो सरकार, नेपाल सरकार बेलैमा सचेत भएर धन जनको क्षति हुन नदियोस् भन्ने पनि म अनुरोध गर्न चाहन्छु ।

र मलाई अलिकति एउटा पुरानो घटना पीडितले अझै न्याय नपाएको घटना छ । त्यो घटनाको बारेमा म अहिलेको सरकारलाई सोध्न चाहन्छु । जाजरकोटको नवराज वि.क. ले एउटा गैरदलितसँग प्रेम गरेछन् । र जो प्रेमिकाको घरमा आफ्ना १९ जना सहयोगीसहित साथीहरूसहित उनी गए र त्यहाँका रुकुम पश्चिमका बासिन्दाहरू जुन पीडकको तर्फबाट ती नवराज वि.क. लगायत ६ जना युवाहरूलाई मारेर भेरी नदीमा फालेको कुरा हामीले धेरै पटक यो सदनमा बोल्यौं र सुन्यौं र यसको बारेमा ३४ जनालाई छानबिनको क्रममा सामातिएको थियो र ११ जनालाई विभिन्न बहानामा र धरौटीमा उच्च अदालतले रिहा गरेको छ । र बाँकी अभियुक्तहरूलाई पनि यस्तै ढिलोसुस्ती गरेर छलछाप

गर्ने हो कि ? भन्ने पीडितहरूको गुनासो र सङ्का छ । र यो जुन पीडितहरूको घरमा म केही समय अगाडि जाजरकोटको सदरमुकाममै उनको घर रहेछ । उनका बुवा, आमाको आँसु देखेर जो कोहीलाई एउटा होनहार आफ्नो भएको एक्लो छोरो त्यसरी जाँदा उसका साथीहरू जाँदाखेरि जो कोहीको पनि मन नरूने कुरो छैन । र यो मुद्दाका बारेमा यो अदालतमा गएको मुद्दाका बारेमा जुन पोष्टमाटम गर्ने ५ जना डाक्टरहरू थिए । ती डाक्टरहरू मध्येमा ३ जनाले बयान दिइसकेको र २ जनाले बयान बाँकी भएको कारणले हो कि किन हो । यो मुद्दा ढिलो भइरहेको छ । यो अदालतमा गइसकेपछि तिनीहरूलाई छिटो झिकाएर बयान लिएर लगभग ३ वर्ष पुग्न लागेको घटनाको बारेमा सम्बन्धित पीडितहरू छिटोभन्दा छिटो न्याय पाउन् भन्ने म माग गर्न चाहन्छु । यिनीहरूलाई उचित क्षतिपूर्ति जतिसुकै क्षतिपूर्ति दिए पनि आफ्नो छोरो फिर्ता नआउने भए पछि त कम से कम मान्छेहरूले चित्त बुझाउने ठाउँ हुदैन । ती दोषीहरूलाई कडाभन्दा कडा कारबाही भयो भने उनीहरूले न्याय पाएको महसुस हुने छ ।

र यो देशमा अहिले जता ततै पूर्ववक्ता माननीयहरूले भनि सक्नुभएको छ । रुकुम पश्चिम र इलामलगायतका ठाउँहरूमा पहिरो गएर धन जनको क्षति भइरहेको छ । यसको बारेमा पनि सरकार बेलैमा सचेत होस् । र मान्छेहरूलाई सुरक्षित राख्न लागोस् भन्ने पनि म अनुरोध गर्न चाहन्छु । र कर्णाली प्रदेश हामी सबैलाई थाहा छ विकट छ । कर्णाली प्रदेशका बाटा घाटाहरू यातायात मार्ग होइन, मृत्यु मार्ग भनेर हामी सबैले सुन्ने गरिराख्या छौं । र त्यहाँका जनताहरूले पनि गाह्रो अफ्ठेरो पर्दा वर्षा याममा पनि सहज ढङ्गले आउजाउ गर्ने वातावरण मिलाउन र त्यहाँको यातायातलाई बाटा घाटाहरूलाई सडकलाई ..... धन्यवाद । (समय सकिएको)

**<u>पुनःपीठासीन</u>ः-** सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना।

**<u>सम्माननीय अध्यक्ष</u>ः-** माननीय युवराज शर्मा । समय ८ मिनेट ।

**<u>माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)</u>ः-** सम्माननीय अध्यक्ष महोदय, उहिलेको कुरा हो गोर्खाका राजा राम शाह निष्पक्ष न्यायका लागि प्रसिद्ध थिए । आज भोलि सप्तरीका रामदेव साह र सिराहका रामबाबु महतो गरिबी जनतालाई मिटर व्याजको जालोमा फसाई सर्वस्व लागि कुख्यात भएका छन् । सम्माननीय प्रधानमन्त्री, शेरबहादुर देउवाले ती मिटर

व्याजी साहुलाई तत्काल पक्राउ गरी कारबाही गर्ने आदेश दिनुभएकोमा उच्च सम्मानसहित धन्यवाद प्रकट गर्न चाहन्छु । तर कानुनकै सहारा लिई ती सहिलाखहरूको उम्किने सम्भावना पनि उत्तिकै छ । अतः विशेष कानुनी उपचारको व्यवस्था मिलाउन सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यानआकृष्ट गराउन चाहन्छु । त्यस्तै न्यायाधीश नियुक्तिसम्बन्धमा न्याय परिषद्ले नयाँ प्रावधानसहितको पारित गरेको निर्देशिका पनि स्वागतयोग्य भएको सम्झन्छु ।

सम्माननीय अध्यक्षज्यू, एउटा वृद्ध सन्त नेताले काठमाडौँ बासीको प्यास मेटन प्रस्ताव गरेको मेलम्ची खानेपानी आयोजना पूर्ण रूपमा निर्माण भई पूर्ण क्षमतामा सञ्चालित कहिले हुने हो ? म सम्मानीय अध्यक्षज्यूमार्फत सम्बन्धित निकायसँग जवाफ माग्न चाहन्छु ।

त्यस्तै पुष्पलाल लोकमार्ग, हुलाकी राजमार्ग, बबई-सिक्टा सिँचाइ योजना कहिले पूरा हुने हो ? यसमा लाग्ने समय र लागत बढेको बढै छ । नेपाली जनता शिरदेखि पैतालासम्म विदेशी ऋणमा चुर्लुम्म डुबिकेका छन् । यति हुदाँ पनि सम्बन्धित निकाय सचेत भई निर्माण विकासको काममा नीतिगत परिवर्तन गरी हिंड्न नसकेको देख्दा अचम्म लाग्दछ । यो नौ दिन चले अडाइ कोषको पाराले हाम्रो देश कहिले उभो लाग्ला ? आज हाम्रो विविधताको सुन्दर नेपालमा विज्ञानसम्बन्धी दृष्टिकोणको ठाउँमा अन्धविश्वास, जातिवादीसङ्कीर्ण, क्षेत्रीयतावादी दृष्टिकोणसाथै लोकतन्त्रका लागि घातक, अनैतिकता र कानुन विरोधी  गतिविधि मौलाउँदै गएरको देखिन्छ । आज चार्ल्स डार्विनमात्र हैन लोकतन्त्रका प्रवर्धक त्यागी समाजवादी नेताका विचारहरू उनकै अनुयायीले पछ्याउन छाडेको देखिन्छ । हाम्रा महाकविले लेखेको 'के नेपाल सानो छ' भन्ने निबन्ध जोसुकैले नेपाली पाठकले पढ्दा आज पनि राष्ट्रको भावनाको सञ्चार हुने गर्दछ । तर आज हामी नेपाली र नेपालीको मानमर्दन गर्न किन उद्धत भइरहेका छौँ घोत्लिन आवश्यक छ ।

नेपालमा कार्यरत गैरसरकारी सामाजिक संस्थाहरूमा पनि पारदर्शीता र जवाफदेहिताको अभाव देखिन्छ । नियमपूर्वक लगानी गरेको देखिँदैन । यद्यपि कार्य नगरेका होइनन् । यसतर्फ पनि सम्मानित अध्यक्षज्यूमार्फत नियमन र नियन्त्रण गर्ने निकायको ध्यान आकृष्ट गराउन चाहन्छु ।

सम्मानीय अध्यक्षज्यू, सबै थोक हाम्रो बसमा छैन । हाम्रो जन्म भएको स्थान, परिवार, प्राप्त संस्कार हामीले रोजेको पक्कै हैन । तर हामीले विचारपूर्वक पछि रोजेको सिद्धान्त मार्ग र निष्ठामा विचलन देखा पर्नु राम्रो होइन । अझ बढी घोत्लिने हो भने खोज अन्वेषणको क्रममा सबै प्रगतिशील राजनीतिक विचार सम्मानित गरी निर्माण गरिएको

वर्तमान समाजवादउन्मुलन संविधानप्रति समर्पित भई संविधानअनुसार ऐन, कानुन बनाउने काम संघीय संसदले निर्माण गर्न नसकिरहेको अवस्था देख्दा दिक्क लाग्ने गर्दछ । म आफू स्वयम्‌समेत लज्जाबोध भएको अनुभव भएको गर्दछु ।

आज नेपालगञ्ज बाँकेको प्रसिद्ध बागेश्वरी मन्दिरका महन्त पुजारी मन्दिरको नाममा रहेको ११ सय १८ कठ्ठा जग्गा हडपेर बसेका छन् । गरगहना त पहिला नै गायव गरिसकेका छन् भनेको सुनेको छु । त्यो जग्गा पुनः मन्दिरकै नाउँमा फर्काउन सम्माननीय अध्यक्षज्यूमार्फत नेपाल सरकारको ध्यान आकृष्ट गराउन चाहन्छु ।

आज भोलि गुठी र सरकारी जग्गा हडप गर्ने प्रवृत्ति देशभरि मौलाएको देखिन्छ । स्थानीयदेखि प्रदेश र संघीय सरकारले यस्तो प्रवृत्तिलाई निरुसाहित गरी ती जग्गा पुनः फर्काउन सक्नुपर्दछ । बाकेको सरस्वती क्षेत्र नम्बर ३ को खजुरा गाउँपालिका वडा नम्बर ४, स्थित सिमलघारीको लगभग ९० विगाह क्षेत्रफलको जग्गा जग्गा धनीले खाँडसारी मिलको नाउँमा दर्ता गराएका थिएँ । तर खाँडसारी मिल सञ्चालित गरिएन । त्यो खालि रहेको जग्गामा लगभग ३०/३२ वर्षदेखि क्रमशः भूमिहीन जनताले बसोबास जोग धोग गर्दैछन् । जग्गाधनीले सर्वोच्च अदालतबाट मुद्दा पनि जितेका छन् । यो समस्याको निकारण अनिर्वाय छ । भूमि सुधार वा भूउपयोग नीति जे बनाएर भए पनि यस समस्याको समाधान गर्न सम्माननीय अध्यक्षज्यूमार्फत सम्बन्धित निकायको ध्यान आकृष्ट गराउन चाहन्छु ।

हाम्रा नेतागणले एउटा गल्ती जहिले पनि दोहो-याउन खोज्छन् । त्यो हो प्रविधिको विरोध गरी व्यक्तिसँग सम्झौता गर्ने । विगतमा राजा ज्ञानेन्द्र शाहले तयाकथित अन्तरनिहित अधिकारको प्रयोगको नाउँमा लोकतन्त्र मास्न खोजेको कुरा अहिले बिर्सिनुहुन्न । महाकवि कालिदासले रचित साकुन्तल महाकाव्यमा, महाकाव्यले सयौं वर्ष तपस्या गर्दा पनि विश्वमित्रमणिको राज्यसी र विलासी प्रति मेटिएको कथा राम्रो ढङ्गले प्रस्तुत गरेको देखिन्छ । तर वेदव्यास लिखित महाभारत महाकाव्यले कु प्रवित्तिधारी व्यक्ति कहिले सच्चिँदैन । त्यसको भौतिक रूपमा अन्त्य हुन आवश्क छ महाभारत कौखवंशीको नास भएको देखाएको हुनुपर्दछ । र यी कुरा माननीय छ ।

सम्माननीय अध्यक्षज्यू, म बाँके जिल्लाको कृषि र किसानको समस्यातर्फ ध्यानआकृष्ट गराउन चाहन्छु । यो सिँचाइको साधान नभएको जिल्ला हो । भेरी-बबई डाइभर्सन सिक्टा सिँचाइ योजना कहिले निर्माण हुने हो थाहा छैन । नहरको जाँच नगरी पानी छाड्ने नहर बिगार्नेहरूले समेत उन्मुक्ति पाइसके । धनबालीको लागि राखिएको ब्याड भनिन्छ त्यहाँ । छिप्पिसक्दा पनि रोपाइ अत्यन्त न्यून भएको छ । त्यसैले सम्बन्धित

निकायले बाँके जिल्लाको लागि विशेष कृषि नीति बनाओस् र हाललाई डीएपी र युरिया मल उपलब्ध गराउन ध्यान दियोस् भन्ने आशा राखेको छु । अन्त्यमा राष्ट्रिय सहमतिले भए पनि नागरिकता विधेयक पारित हुनुपर्दछ । यतिमात्र हैन अरू पनि महत्त्वपूर्ण विधेयकहरू चालु अधिवेशनबाट पारित गर्नुपर्दछ । भन्ने भनाइ राख्दै सम्माननीय अध्यक्षज्यूमार्फत सम्बन्धित सबैको ध्यानआकृष्ट गराउन चाहन्छु । अन्त्यमा हामीले अरूतिर चोर औला देखाउँदा हामीतिर फर्केका ४ ओटा औंलालाई किले बिर्सिनु हुँदैन । साथै नेपाल भारत सीमा क्षेत्रमा हेल्पडेक्स राखी प्रवेश गर्नेहरूको जाँच गरिनु आज आवश्यक भएको छ । नत्र महामारीको चोपटमा फेरि हाम्रो पर्न जान्छ भन्ने विचार राख्दै विदा लिन्छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरू बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद्को गठनसम्बन्धी पत्र प्राप्त भएको छ । म सो पत्रको बेहोरा पढेर सुनाउँदछु ।

विषयः- मन्त्रिपरिषद्को गठन सम्बन्धमा ।

सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यूले सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको नेतृत्वमा मिति २०७८/०३/२९ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) तथा धारा ७८ उपधारा (१) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा देहायअनुसार नियुक्ति, हेरफेर र कार्यविभाजन गर्नुभएको बेहोरा अनुरोध गर्दछु ।

| क्र.स. | नाम,थर | पदनाम | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री शेरबहादुर देउवा | प्रधानमन्त्री | रक्षा |
| २. | श्री बालकृष्ण खाँण | मन्त्री | गृह |
| ३. | श्री ज्ञानेन्द्रबहादुर कार्की | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| ४. | श्री पम्फा भुसाल | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाइ |
| ५. | श्री राजेन्द्रप्रसाद श्रेष्ठ | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन |
| ६. | श्री जनार्दन शर्मा | मन्त्री | अर्थ |
| ७. | श्री उमाकान्त चौधरी | मन्त्री | खानेपानी |
| ८. | श्री नारायण खड्का | मन्त्री | परराष्ट्र |

| क्र.स. | नाम,थर | पदनाम | कार्यविभाजन |
|---|---|---|---|
| ९. | श्री मृगेन्द्रकुमार सिंह यादव | मन्त्री | कृषि तथा पशुपन्छी विकास |
| १०. | श्री मोहम्मद इश्तियाक राई | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| ११. | श्री दिलेन्द्रप्रसाद बडू | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| १२. | श्री देवेन्द्र पौडेल | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| १३. | श्री उमा रेग्मी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| १४. | श्री शशी श्रेष्ठ | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १५. | श्री महेश्वरजंग गहतराज | मन्त्री | युवा तथा खेलकुद |
| १६. | श्री गोविन्द प्रसाद शर्मा (कोइराला) | मन्त्री | कानुन, न्याय तथा संसदीय मामिला |
| १७. | श्री जीवनराम श्रेष्ठ | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १८. | श्री मेटमणि चौधरी | मन्त्री | सहरी विकास |
| १९. | श्री भवानी प्रसाद खापुङ | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |
| २०. | श्री शेरबहादुर कुँवर | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| २१. | श्री प्रदीप यादव | मन्त्री | वन तथा वातावरण |
| २२. | श्री उमेश श्रेष्ठ | राज्यमन्त्री | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २३. | श्री बोधमायाकुमारी यादव | राज्यमन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| २४. | श्री हिराचन्द्र के.सी. | राज्यमन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |

(डा. तोयनारायण ज्ञवाली)
सचिव
२०७९/०३/२०

मानतीय सदस्यहरू, अब म राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्व विद्यालय विधेयक, २०७६" र "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९" लाई सभासमक्ष टेबुल गर्न समय उपलब्ध गराउँछु ।

(राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्व विद्यालय विधेयक, २०७६" र "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९" टेबुल गर्नुभयो।)

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक आजै १५ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक आजै १५ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः- १२:२० बजे ।**